लोक सेवा आयोग

# सूचना-पत्र

# BULLETIN

साप्ताहिक
(बुधबार प्रकाशित हुने)

| वर्ष ३५ | २०७४ साउन ३२ गते | अंक ५ |
|---|---|---|
| YEAR 35 | August 16, 2017 | NO. 5 |


**उम्मेदवारहरूलाई विशेष जानकारी**
लोक सेवा आयोगका दरखास्त फाराम र पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

## विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| १. | **विज्ञापन** | २–३ |
| | (क) टाइपिष्ट बढुवा (आ.प्र.) | |
| २. | **सिफारिश सम्बन्धी सूचना** | ३–४ |
| | (क) प्रशासन सेवा, लेखा समूह, रा.प.द्वितीय श्रेणी (आ.प्र., खुला र महिला) | |
| | (ख) प्रशासन सेवा, राजश्व समूह, रा.प.द्वितीय श्रेणी (आ.प्र.) | |
| | (ग) लेखापरीक्षण सेवा, रा.प.द्वितीय श्रेणी (आ.प्र.) | |
| ३. | **विविध** | ४ |
| | (क) एकमुष्ट योग्यताक्रम सूची | |
| | (ख) परीक्षा दस्तुर बैंक मार्फत् बुझाउने सम्बन्धी सूचना | |
| | (ग) परीक्षा मिति कायम गरिएको सूचना | |

## केन्द्रीय कार्यालय, अनामनगर

## सूचना तथा प्रकाशन शाखा

## टाइपिष्ट पदहरुमा बढुवा (आ.प्र.) को लागि दरखास्त फाराम भर्ने सूचना

**सूचना नं. १२३/०७४-७५**

नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहका राजपत्र अनंकित तृतीय र द्वितीय श्रेणीमा कार्यरत टाइपिष्टहरुलाई माथिल्लो पदमा बढुवा गर्ने सम्बन्धमा टाइपिष्ट वर्गीकरण योजना, २०३८ बमोजिम देहाय अनुसारको शर्तहरु पूरा गरेका टाइपिष्टहरुले आयोगको Website: www.psc.gov.np मा गई Online Application बाट दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | बढुवा वि.नं. | कार्यालयको नाम | क्र.सं. | बढुवा वि.नं. | कार्यालयको नाम |
|---|---|---|---|---|---|
| १ | १०००१/०७४-७५ | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | २ | १०६०१/०७४-७५ | मेची अञ्चल कार्यालय, इलाम |
| ३ | १०९५१/०७४-७५ | सगरमाथा अञ्चल कार्यालय, दिक्तेल | ४ | ११३०१/०७४-७५ | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, नयाँ बानेश्वर |
| ५ | १२२०१/०७४-७५ | जनकपुर अञ्चल कार्यालय, जलेश्वर | ६ | १२५५१/०७४-७५ | नारायणी अञ्चल कार्यालय, हेटौंडा |
| ७ | १२९०१/०७४-७५ | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | ८ | १३८५१/०७४-७५ | धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ |
| ९ | १३५०१/०७४-७५ | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | १० | १४२०१/०७४-७५ | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत |
| ११ | १४८०१/०७४-७५ | राप्ती अञ्चल कार्यालय, दाङ | १२ | १५१५१/०७४-७५ | कर्णाली अञ्चल कार्यालय, जुम्ला |
| १३ | १५५०१/०७४-७५ | सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | १४ | १६१०१/०७४-७५ | महाकाली अञ्चल कार्यालय, महेन्द्रनगर |

**द्रष्टव्य : Online Application System मा दरखास्त दिँदा माग पद संख्या उल्लेख भइ आए तापनि System सँग आवद्ध गर्ने प्रयोजनका लागि मात्र माग पद संख्या कायम गरिएको तर यो पदमा माग पद संख्या यकिन नहुने व्यहोरा जानकारी गराइन्छ ।**

## राजपत्र अनंकित द्वितीय श्रेणीको टाइपिष्ट पदमा बढुवा हुनका लागि आवश्यक योग्यता

(क) तृतीय श्रेणीको टाइपिष्ट पदमा कम्तिमा २ वर्षको स्थायी सेवा भएको ।
(ख) दशम् कक्षा उत्तीर्ण भएको ।
(ग) न्यूनतम बेग नेपालीमा ३५ शब्द प्रति मिनेट वा अंग्रेजीमा ५० शब्द प्रतिमिनेट भएको ।

तर एस.एल.सी. वा सो सरह उत्तीर्ण भएका स्थायी रा.प.अनं. तृतीय श्रेणीका टाइपिष्टहरुले रा.प.अनं. द्वितीय श्रेणीको टाइपिष्ट पदमा बढुवामा सम्मिलित हुनको लागि उपरोक्त दफा (क) मा उल्लिखित शर्त पूरा गर्नुपर्ने छैन ।

## राजपत्र अनंकित प्रथम श्रेणीको टाइपिष्ट पदमा बढुवा हुनका लागि आवश्यक योग्यता

(क) द्वितीय श्रेणीको टाइपिष्ट पदमा कम्तिमा ३ वर्षको स्थायी सेवा भएको ।
(ख) दशम् कक्षा उत्तीर्ण भएको ।
(ग) न्यूनतम बेग नेपालीमा ४५ शब्द प्रति मिनेट वा अंग्रेजीमा ६० शब्द प्रतिमिनेट भएको ।

तर आई.ए. वा सो सरह उत्तीर्ण भएका स्थायी रा.प.अनं. द्वितीय श्रेणीका टाइपिष्टहरुले रा.प.अनं. प्रथम श्रेणीको टाइपिष्ट पदमा बढुवामा सम्मिलित हुनको लागि उपरोक्त दफा (क) मा उल्लिखित शर्त पूरा गर्नुपर्ने छैन ।

**परीक्षाको किसिम :-** प्रयोगात्मक बेग परीक्षा र अन्तर्वार्ता ।
**परीक्षा केन्द्र :-** विज्ञापनसँग सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरुले पछि निर्धारण गरेअनुसार हुनेछ ।
**दरखास्तको माध्यम :-** विज्ञापित सबै पदहरुमा अनलाईन मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ । अनलाईन मार्फत दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विवरण तथा ध्यान दिनुपर्ने विषयहरु तल उल्लेख गरिएको छ ।
**दरखास्त दिने अन्तिम मिति :-** २०७४/५/२० गतेसम्म र दोब्बर दस्तुर तिरी २०७४/५/२७ गतेसम्म ।
**दरखास्त दस्तुर :-** रु. ३००।- (तीन सय रुपैयाँ मात्र)
**दरखास्त दस्तुर बुझाउने स्थान :-** काठमाडौं उपत्यकाको हकमा **Global IME Bank को काठमाडौंस्थित डिल्लीबजार शाखा** तथा काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका क्षेत्रीय निर्देशनालय र अञ्चल कार्यालयहरु ।
**दरखास्त दस्तुर बुझाउने अवधि :-** अनलाइन (Online) माध्यमबाट दरखास्त Submit गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र । (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको Bank / कार्यालयमा परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ ।
**अन्तर्वार्ता हुने मिति :** प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।
**पदमा रही गर्नुपर्ने कामको विवरण :** सेवा, समूह, उपसमूह सम्बन्धी ।
**तलब :** प्रचलित स्केल बमोजिम ।
**सेवा सम्बन्धी मन्त्रालय :** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित मन्त्रालय ।
**वेग परीक्षा कार्यक्रम :** २०७४/६/६ गते दिनको ३.०० बजे ।

## Online मार्फत् दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विवरण तथा ध्यान दिनुपर्ने विषयहरु

**(क) User Profile/Master ID बनाइ सकेको उम्मेदवारको हकमा :**

१. आयोगबाट विगतमा प्रकाशित विभिन्न पदहरुको विज्ञापनमा Online Application बाट दरखास्त दिइसकेका उम्मेदवारहरुले पुन: नयाँ User Profile/Master ID बनाइ राख्नु पर्ने छैन, सोही Profile को User Name र Password प्रयोग गरी विज्ञापनहरुमा Online Application फाराम पेश गर्न सकिनेछ ।

**(ख) नयाँ User Profile/Master ID बनाउने उम्मेदवारको हकमा :**

**अ) दरखास्त फाराम भर्नुभन्दा पहिले उम्मेदवारहरुलाई आवश्यक पर्ने कुराहरु**

१. उम्मेदवारको दुवै कान देखिने Scanning गरेको वा Camera बाट खिचेको पासपोर्ट साइजको Digital फोटो (बढीमा 100 KB साइजको) Uplode गर्नु पर्दछ ।
२. उम्मेदवारको स्पष्ट रुपमा देखिने दस्तखतको Scanning गरेको वा Camera बाट खिचेको Digital कपी (बढीमा 100 KB साइजको) Uplode गर्नु पर्दछ ।
३. उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता, तालिम, अनुभव लगायत अन्य विवरणहरु Online form भर्दा उल्लेख गर्नुपर्ने छ । तर नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव आदिको कागजातहरु Uplode गर्नु पर्दैन ।

**आ) User Profile बनाउने तरिका**

१. नयाँ User Profile/Master ID बनाउनु पर्ने उम्मेदवारहरुको हकमा आयोगको Website www.psc.gov.np मा रहेको Online Application मा Click गरेपछि प्राप्त हुने Screen मा देखिने Window को User Manual राम्रोसँग अध्ययन गरी SignUp Menu मा Click गर्नुपर्नेछ ।
२. उम्मेदवारले प्रारम्भिक दर्ता फाराममा उल्लेख भएका सम्पूर्ण विवरणहरु भर्नुपर्दछ । यसरी विवरणहरु भरिसकेपछि फारामको अन्त्यमा रहेको Save Button मा Click गर्नुपर्नेछ ।
३. त्यसपछि उम्मेदवारको User Name र Password सहितको Message देखिनेछ । Message उम्मेदवारले उपलब्ध गराएको मोबाइल नम्बरमा समेत प्राप्त हुनेछ ।
४. यसरी प्राप्त गरेको User Name र Password बाट नै उम्मेदवारले Sign In गर्नुपर्नेछ । पहिलोपल्ट Sign In गर्दा उम्मेदवारले आफ्नो Password परिवर्तन गर्ने Window देखा पर्नेछ । उम्मेदवारले आफ्नो अनुकूलको नयाँ Password राख्नु पर्नेछ । यसरी राखेको Password उम्मेदवारको मुख्य Password हुनेछ र प्रत्येक पटक Sign In गर्दा सोही User Name र Password प्रयोग गर्नु पर्नेछ ।
५. आफ्नो व्यक्तिगत विवरणहरु ध्यान दिएर भर्नु पर्नेछ, एकपटक भरिसकेको यस्तो विवरणहरु पुन: आफैंले परिवर्तन गर्न सकिने छैन ।

**(ग) Online बाट दरखास्त भरी Submit गर्ने तरिका**

१. फाराम भर्नुपूर्व आयोगको Website मा रहेको “Online दरखास्त फाराम भर्दा ध्यान दिनुपर्ने कुरा र अपनाउनु पर्ने विधि” Download गरी ध्यानपूर्वक अध्ययन गर्नुहोला ।

२. Online मार्फत दरखास्त फाराम भर्ने उम्मेदवारले माथिको खण्ड (ख) मा उल्लेख भएअनुसार Create गरेको आफ्नो User Name बाट Log In गरी आवश्यक थप विवरणहरु भर्दै जानु पर्दछ । प्रत्येक Window को अन्त्यमा रहेको Next Bottom मा Click गरी वैयक्तिक विवरण, सम्पर्क विवरण, शैक्षिक योग्यता, तालिम, अनुभव, फोटो लगायतका विवरणहरु क्रमैसंग भर्दै जानुपर्नेछ । भरिसकेका विवरणहरु सच्याउनु परेमा Back Button मा Click गर्नु पर्नेछ ।

३. उम्मेदवारले आफ्नो विवरणहरु सत्य, तथ्य र प्रष्ट रुपमा भर्नु पर्नेछ । झुटा विवरण पेश गरेको ठहरिएमा जुनसुकै बखत दरखास्त रद्द हुनेछ । साथै प्रचलित कानून बमोजिम कारवाही समेत हुनेछ ।

४. Upload को स्थानमा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचेको पासपोर्ट साइजको (कम्तीमा 150 Pixel) फोटो र स्पष्ट देखिने दस्तखतको नमूना Scan गरी Upload गर्नुपर्नेछ । Upload गर्नुपर्ने Document को Filename English मा हुनुपर्नेछ (Unicode प्रयोग गर्नु नहुने) र जसको Extension .JPEG हुनुपर्नेछ । Upload गर्नुपर्ने Document को Size 200KB भन्दा बढीको नहुने ।

५. फोटो र दस्तखत Upload गरिसकेपछि Next Button मा Click गरेर आफूले भरेका सम्पूर्ण व्यक्तिगत विवरणको Preview हेर्न सकिनेछ । केही विवरण छुट भएमा तथा विवरण सच्याउनु पर्ने भएमा Back Button प्रयोग गरी सोही ठाउँमा गई सच्याउन सकिनेछ ।

६. उम्मेदवारले भरेका विवरणहरु Preview गरेपछि Submit Window मा गई View All Button मा Click गरी आयोगबाट प्रकाशन भएका विज्ञापनहरुको सूची हेर्न सकिनेछ ।

७. आफूले दरखास्त दिन चाहेको सेवा, समूह, श्रेणी र पदको लागि आयोगबाट प्रकाशन भएका विज्ञापन कोड नम्बरमा Click गरी आफ्नो शैक्षिक योग्यताले मिल्ने पद छनौट गर्नुपर्नेछ ।

८. छनौट गरेको विज्ञापन नम्बरमा Click गरेपछि आन्तरिक प्रतियोगिता उल्लेख भएको Checkbox मा Click गरी Process Button मा Click गर्नुपर्नेछ ।

९. Process गरिसकेपछि देखिने Window मा पाठ्यक्रमको ढाँचा र आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी जानकारी प्राप्त हुनेछ । उम्मेदवारले प्राप्त गरेको शैक्षिक योग्यता र दरखास्त दिने पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता मिल्ने पदमा मात्र दरखास्त दिनु पर्नेछ । शैक्षिक योग्यता नमिल्ने पदमा दरखास्त दिएमा दरखास्त रद्द हुनेछ ।

१०. विज्ञापन हुँदाका बखत आयोगद्वारा तोकिएको शर्तहरु अध्ययन गरी उम्मेदवारले मञ्जुर भएको छु भनी स्वयम् घोषणा गरेको I agree to the terms and conditions of PSC Button मा Click गर्नु पर्नेछ ।

११. यी सबै प्रक्रियाहरु पूरा भएपछि आफ्नो दरखास्त फाराम पेश गर्नका लागि उम्मेदवारले Submit Button मा Click गर्नु पर्नेछ ।

१२. Submit गरिसकेपछि उम्मेदवारले आफ्नो Master ID सहितको दरखास्त फाराम बुझाएको भर्पाई देखा पर्नेछ । सो भर्पाइलाई Print गरी सुरक्षित राख्नु पर्नेछ ।

१३. दरखास्त दिने अन्तिम समयतिर धेरै उम्मेदवारहरुले हतारमा दरखास्त भर्ने गरेको हुँदा सो समयमा Server Busy हुन गई दरखास्त Submit गर्न बाधा पर्न सक्ने भएकोले समयमा नै दरखास्त Submit गर्नु उपयुक्त हुन्छ ।

१४. विज्ञापन नम्बर र परीक्षा केन्द्र एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर र परीक्षा केन्द्रहरु छनौट गर्नुपर्नेछ ।

**घ) परीक्षा दस्तुर बुझाउने तरिका**

१. उम्मेदवारले आफूले प्राप्त गरेको Master ID सहित काठमाडौं उपत्यकाको हकमा Global IME Bank को काठमाडौंस्थित डिल्लीबजार शाखाबाट **लोक सेवा आयोगको दरखास्त दस्तुर बापतको बैंक भौचरमा** उम्मेदवारले दरखास्त दस्तुर रकम भरी बुझाउनुपर्नेछ । काठमाडौं उपत्यका बाहिरको हकमा आयोगको क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरुमा कार्यालयद्वारा निर्धारित समयभित्र तोकिएको परीक्षा दस्तुर बुझाउनु पर्नेछ ।

२. उमदेवारहरुले दोब्बर दस्तुर तिरी दरखास्त दिन पाइने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र परीक्षा दस्तुर बुझाइसक्नु पर्नेछ । सो समय भन्दा पछि परीक्षा दस्तुर बुझाउन पाइने छैन ।

३. दोब्बर दस्तुर तरी दरखास्त दिन पाउने अन्तिम मिति सकिएको ७ दिनपछि प्रवेशपत्र जारी हुनेछ, जसको जानकारी उम्मेदवारले उपलब्ध गराएको मोबाइलमा SMS मार्फत प्राप्त हुनेछ ।

**ङ) प्रवेश पत्र लिने तरिका**

१. दरखास्त फाराम स्वीकृत भई रोल नम्बर जारी भएपछि दरखास्त फाराम स्वीकृत भएको व्यहोरा उम्मेदवारले आफूले उपलब्ध गराएको मोबाइलमा SMS मार्फत् प्राप्त हुनेछ । यस्तो जानकारी प्राप्त भएपछि प्रवेश पत्रका लागि आफ्नो User Name र Password बाट Sign In गर्नु पर्नेछ ।

२. Sing In गरेपछि देखिएको Window भित्र Home Menu को E-Admit Card मा Click गरी आफूले फाराम भरेको विज्ञापनको प्रवेश पत्र हेर्न सकिनेछ । सोही प्रवेशपत्र Print गरी परीक्षा दिन आउँदा अनिवार्य रुपमा लिई आउनु पर्नेछ ।

**च) User Name र Password बिर्सिएमा :- उम्मेदवारले आफ्नो User Name र Password बिर्सिएर पुनः Reset गराउनु परेमा रु. ५०/- दस्तुर बुझाई आयोगको नजिकैको कार्यालयमा तोकिएको ढाँचामा निवदेन दिनुपर्नेछ ।**

***Online दरखास्त सम्बन्धी विषयमा थप जानकारी आवश्यक परेमा आयोगको केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालय तथा अञ्चल कार्यालयहरु र दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा सम्पर्क गर्न सकिनेछ । तर आयोगको कार्यालयहरुबाट Online Form भर्ने सुविधा उपलब्ध हुने छैन ।***

# सिफारिश सम्बन्धी सूचना

लोक सेवा आयोगबाट प्रकाशित निम्न लिखित विज्ञापन नम्बर अनुसार देहायका सेवा, समूह, उपसमूह, श्रेणी/तह र पदको लागि लिइएको लिखित परीक्षा र अन्तर्वार्ता समेतबाट देहाय बमोजिम योग्यताक्रम कायम हुन आएकोले नियुक्तिको लागि निम्न लिखित स्थानमा सिफारिश गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## केन्द्रीय कार्यालय, अनामनगर

### अन्तर्वार्ता तथा सिफारिश शाखा

### सूचना नं. ११३/०७४-७५

### विज्ञापन नं. १६५२६/०७३-७४

**सेवा, समूहः-** प्रशासन, लेखा
**पदः** उपसचिव वा सो सरह
**अन्तर्वार्तामा उपस्थित संख्याः-** १०
**श्रेणीः-** रा.प.द्वितीय (आ.प्र.)
**सिफारिश स्थानः-** सामान्य प्रशासन मन्त्रालय ।

| सि.नं. | रोल नं. | नाम, थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | १३०२६६ | रेशमकुमार खत्री | नारायण-८, दैलेख | भक्तबहादुर/नेत्रकुमारी | केशरसिं |
| २ | १३०१७७ | बालकृष्ण थापा | सूर्यविनायक-१०, भक्तपुर | मुरली/पुना | बौद्धबहादुर |
| ३ | १३०२२३ | युवराज आचार्य | दिक्तेल-३, खोटाङ | हरिप्रसाद/राधादेवी | डिल्लीराम |
| ४ | १३०१९० | भिमार्जुन ज्ञवाली | भुवनपोखरी-९, पाल्पा | भागिरथ/लक्ष्मी | पद्मराज |
| ५ | १३००५६ | खडानन्द अधिकारी | गर्ज्याङ्गकोट-४, जुम्ला | कृष्णप्रसाद/छक्का | कृष्णरुद्र |

वैकल्पिक उम्मेदवारहरु :

| वै.यो.क्र.नं. | रोल नं. | नाम, थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | १३००८२ | चुडाराज सापकोटा | कानेपोखरी-३, मोरङ | जयनाथ/अम्बिकादेवी | चन्द्रज्योती |
| २ | १३०१७४ | बसन्त भट्टराई | बघौडा-३, चितवन | दामोदर/संगीता | तोयनाथ |

### सूचना नं. ११४/०७४-७५

### विज्ञापन नं. १६५२७/०७३-७४

**सेवा, समूहः-** प्रशासन, लेखा
**पदः** उपसचिव वा सो सरह
**अन्तर्वार्तामा उपस्थित संख्याः-** ३
**श्रेणीः-** रा.प.द्वितीय (खुला)
**सिफारिश स्थानः-** सामान्य प्रशासन मन्त्रालय ।

| सि.नं. | रोल नं. | नाम, थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | १३०१२० | रविलाल शर्मा | वराह-२, सुर्खेत | भुवानीप्रसाद/वालिका | नरहरी |

वैकल्पिक उम्मेदवार :

| वै.यो.क्र.नं. | रोल नं. | नाम, थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | १३०११७ | रविचन्द्र अर्याल | अर्जे-६, गुल्मी | ऋषिराम/हरिकला | पदमपाणी |

सर्वाधिकार आयोगमा सुरक्षित
प्रकाशन - ५०० प्रति

जि.का.काठमाडौं द.नं. २६/०४०-४१
म.क्षे.हु.वि.द.नं. ५६/०४९-५०

## सूचना नं. ११५/०७४-७५
## विज्ञापन नं. १६५२८/०७३-७४

**सेवा, समूह:-** प्रशासन, लेखा
**पद:** उपसचिव वा सो सरह
**अन्तर्वार्तामा उपस्थित संख्या:-** ५
**श्रेणी:-** रा.प.द्वितीय (महिला)
**सिफारिश स्थान:-** सामान्य प्रशासन मन्त्रालय ।

| सि.नं. | रोल नं. | नाम, थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | १३००१८ | ओमकुमारी पोखरेल | चन्द्रगढी-७, झापा | नवराज/इन्दिरादेवि | शंकरीप्रसाद |

वैकल्पिक उम्मेदवार :

| वै.यो.क्र.नं. | रोल नं. | नाम, थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | १३०१०९ | यमुना सापकोटा | देवदह-५, रुपन्देही | धनपति/चन्द्रकला | कलाधर |

## सूचना नं. ११८/०७४-७५
## विज्ञापन नं. १६५२९/०७३-७४

**सेवा, समूह:-** प्रशासन, राजश्व
**पद:** उपसचिव वा सो सरह
**अन्तर्वार्तामा उपस्थित संख्या:-** ११
**श्रेणी:-** रा.प.द्वितीय (आ.प्र.)
**सिफारिश स्थान:-** सामान्य प्रशासन मन्त्रालय ।

| सि.नं. | रोल नं. | नाम, थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | १३०१४८ | चुडाराज सापकोटा | कानेपोखरी-३, मोरङ | जयनाथ/अम्बिकादेवी | चन्द्रज्योति |
| २ | १३०४४३ | राजकुमार अधिकारी | गोरखा-३, गोरखा | प्रेमबहादुर/मखना | थमानसिंह |
| ३ | १३०१७९ | टंकनाथ लम्साल | पुतली बजार-१, स्याङ्जा | तेजनारायण/पवित्रा | हिमलाल |
| ४ | १३०११४ | गगनबहादुर वि.के. | डाँडा पराजुल-५, दैलेख | हर्कबहादुर/कस्तुरी | काशीराम |

वैकल्पिक उम्मेदवार :

| वै.यो.क्र.नं. | रोल नं. | नाम, थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | १३०५५४ | शालिकराम घिमिरे | दरवार देविस्थान-५, गुल्मी | तुल्सीराम/तिलोत्तमा | केशवराज |
| २ | १३०२५७ | नवराज पौड्याल | स्वरेक-८, स्याङ्जा | टिकाराम/गिता | चुडामणि |

## सूचना नं. ११९/०७४-७५
## विज्ञापन नं. १६५३२/०७३-७४

**सेवा:-** लेखापरीक्षण
**पद:** उपसचिव वा सो सरह
**अन्तर्वार्तामा उपस्थित संख्या:-** ३
**श्रेणी:-** रा.प.द्वितीय (आ.प्र.)
**सिफारिश स्थान:-** सामान्य प्रशासन मन्त्रालय ।

| सि.नं. | रोल नं. | नाम, थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | १३००४३ | श्यामप्रसाद भण्डारी | वालुवा-५, काठमाडौं | शम्भुप्रसाद/सिद्धीकुमारी | रोमप्रसाद |

वैकल्पिक उम्मेदवार :

| वै.यो.क्र.नं. | रोल नं. | नाम, थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | १३००२८ | मोहन खनाल | रतुवामाई-९, मोरङ | शिवप्रसाद/भोजकुमारी | विष्णुप्रसाद |

# एकमुष्ट योग्यताक्रम सूची
# केन्द्रीय कार्यालय, अनामनगर
## अन्तर्वार्ता तथा सिफारिश शाखा
### सूचना नं. ११६/०७४-७५

केन्द्रीय कार्यालय, अनामनगरको वि.नं. १६५२७-१६५२८/०७३-७४ (खुला र महिला) प्रशासन सेवा, लेखा समूह, रा.प.द्वितीय श्रेणी, उपसचिव वा सो सरह पदको स्थायी नियुक्तिका लागि सिफारिश भएका उमेदवारहरुले प्राप्त गरेको कूल अंकको आधारमा मिति २०७४/४/२५ को निर्णयानुसार देहाय बमोजिम एकमुष्ट योग्यताक्रम सूचि कायम भएको हुँदा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| यो.क्र.नं. | रोल नं. | नाम, थर | सिफारिश गरिएको विज्ञापन नं. | समावेशी/खुला |
|---|---|---|---|---|
| १ | १३०१२० | रविलाल शर्मा | १६५२७/०७३-७४ | खुला |
| २ | १३००१८ | ओमकुमारी पोखरेल | १६५२८/०७३-७४ | महिला |

## सूचना तथा प्रकाशन शाखा
### सूचना नं. १२८/०७४-७५
# परीक्षा दस्तुर बैंक मार्फत् बुझाउने सम्बन्धी सूचना

लोक सेवा आयोगद्वारा आ.व. ०७४/७५ देखि विज्ञापन हुने विभिन्न पदहरुमा दरखास्त दिने उम्मेदवारहरुले अनलाइनबाट दरखास्त भरिसकेपछि प्राप्त गरेको मास्टर आइ.डी. सहित काठमाडौं उपत्यकाको हकमा ग्लोबल आई.एम.ई. बैंकको सिनामंगल, सुकेधारा, धापासी, बनस्थली, ज्ञानेश्वर, डिल्लीबजार, पुल्चोक, नख्खु, सूर्यविनायक, रविभवन, ग्वार्को र गोंगबु शाखाहरुबाट मात्र परीक्षा दस्तुर बुझाउन सकिने व्यवस्था गरिएको छ । काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका क्षेत्रीय निर्देशनालय र अञ्चल कार्यालयहरुबाट समेत परीक्षा दस्तुर बुझाउन सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## परीक्षा संचालन शाखा (प्राविधिक)
# परीक्षा मिति कायम गरिएको सूचना

लोक सेवा आयोगको पदपूर्तिसम्बन्धी वार्षिक कार्यतालिका २०७३/७४ बमोजिम मिति २०७३/६/२६ मा प्रकाशित विज्ञापनमा सुचना नं. २६७/०७३-७४ स्वास्थ्य सेवा तर्फका एघारौं तह तथा मिति २०७३/१२/३० गते विज्ञापन भएका सूचना नं. ११४६/०७३-७४ वन सेवा, रा.प.अनं.द्वितीय श्रेणी (प्रा.) पदको परीक्षा मिति पछि प्रकाशन गरिनेछ भनी उल्लेख गरिएकोमा उक्त सेवा, समूह, उपसमूह, श्रेणी/तह तथा पदको लिखित परीक्षाको मिति र समय देहाय बमोजिम कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<table>
<tr><th>क्र.सं</th><th>विज्ञापन नं.</th><th>सेवा</th><th>समूह, उपसमूह</th><th>श्रेणी/तह</th><th>पद</th><th colspan="2">परीक्षा मिति र समय</th></tr>
<tr><td>१</td><td>१०२२७/०७३-७४<br>१२६४९/०७३-७४</td><td>नेपाल वन</td><td>हात्तीसार</td><td>रा.प.अनं. द्वितीय<br>(खुला)</td><td>दरोगा</td><td colspan="2">२०७४/०५/१५<br>दिनको ११:०० बजे</td></tr>
<tr><td rowspan="2">२</td><td rowspan="2">१६५४३/०७३-७४</td><td rowspan="2">नेपाल स्वास्थ्य</td><td rowspan="2">मेडिसिन,<br>ट्रपिकल मेडिसिन</td><td rowspan="2">एघारौं तह<br>(खुला)</td><td rowspan="2">प्रमुख कन्सलटेण्ट<br>ट्रपिकल मेडिसिन</td><th>प्रथम पत्र</th><th>द्वितीय पत्र</th></tr>
<tr><td>२०७४/०५/३०<br>दिनको २:०० बजे</td><td>२०७४/०५/३१<br>दिनको २:०० बजे</td></tr>
</table>

मुद्रण तथा प्रकाशक: लोक सेवा आयोग, सूचना तथा प्रकाशन शाखा
मूल्य रु. २।- (दुई)
टेलिफोन नं. ४७७१३५५
ई-मेल:: info@psc.gov.np Website: www.psc.gov.np
फ्याक्स नं. ९७७-०१-४७७१४९० पोष्ट बक्स नं.: ८९७९, काठमाडौं
मिति २०७४/४/३२ गते बुधबार